महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२

इन्फोग्राफिक्स

(Infographics on the Auditor General's 62nd Annual Report)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन २०८२

इन्फोग्राफिक्स

(Infographics on the Auditor General's 62nd Annual Report)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

प्राक्कथन



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गरिएको र धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा जारी गरिएको छ। संगठित संस्था र विषय छनोटको आधारमा गरिएको कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश भएका छन्। त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ। सार्वजनिक खर्चको पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्धन गर्ने हाम्रो साझा लक्ष्यतर्फ अग्रसर रहँदै, महालेखापरीक्षकको कार्यालयले बासट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित यो इन्फोग्राफ्रिक प्रतिवेदन तयार गरिएको छ ।

सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारीलाई ग्राफिक्सको प्रयोगद्वारा छिटो, छरितो र स्पष्ट रुपमा लक्षित समूहमा सम्प्रेषण गर्ने विधिनै इन्फोग्राफिक्स हो। इन्फोग्राफिक्स दृश्यको माध्यमबाट सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारी सहज रूपमा सम्प्रेषण गर्ने एक उत्तम विधि हो। यसमा आइकनहरु, अंकहरु, पाठहरु, तस्वीर र चित्रको सहयोगद्वारा एकै नजरमा सन्देशलाई लक्षित वर्गमा सम्प्रेषण हुने गर्दछ । साथै यसले संगठनको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिलाई सहजरुपमा प्रस्तुत गर्न सहयोग गर्दछ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका प्रमुख बेहोराहरूलाई छिटो, छरितो र स्पष्ट रुपमा लक्षित समूहमा सम्प्रेषण गर्ने हेतुले इन्फोग्राफिक्स प्रतिवेदन तयार पारिएको छ।

यस इन्फोग्राफिक्समा उल्लिखित जानकारी, तथ्याङ्क, सूचनाहरुको विस्तृत विवरण महालेखापरीक्षको वार्षिक प्रतिवेदनको सम्बन्धित मन्त्रालय अन्तर्गत तत् तत् खण्डमा रहेका छन्। साथै इन्फोग्राफिक्सको उपयोगबाट महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा समावेश विविध जानकारी, तथ्याङ्क, सूचनाहरुलाई सहज एवं प्रभावकारीरुपले पाठकमैत्री हुने गरि सर्वसाधारणको पहुँचमा पुऱ्याउन मद्दत पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, यस प्रतिवेदनको तयारीमा संलग्न सबै कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

महालेखापरीक्षकको भनाइ

संवैधानिक तथा कानूनी व्यवस्था ७

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति ८

लेखापरीक्षण गरिएका निकायको विवरण १०

लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति १३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश १८

› सङ्घीय मन्त्रालय तथा निकाय २१

› प्रदेश मन्त्रालय तथा निकाय ३४

› स्थानीय तह ४२

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति ४६

भविष्यमा गर्नुपर्ने सुधार ५०

लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सरकारको कार्यक्षेत्र एवम् खर्चमा स्पष्टता ल्याउन कानुन निर्माण/संशोधन हुनुपर्ने,
- अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनको लागि जिम्मेवारी सहितको खाका तयार गर्नुपर्ने,
- सार्वजनिक सङ्गठित संस्थाका कार्यकारीको सेवा सुविधा कानुनमा नै स्पष्ट गर्नुपर्ने,
- तीनै तहले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्न क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्ने,
- स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनको बेरुजु फर्स्यौटको संयन्त्र तय गर्नुपर्ने,
- तीन वटै तहको बजेट घाटा व्यवस्थापन र वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनुपर्ने ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- खरिद गुरुयोजना अनुसार प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय हुनेगरी सम्पत्ति खरिद गर्नुपर्ने,
- सम्पन्न भएका आयोजनाका यन्त्र, उपकरण एवम् सम्पत्तिको उपयोग हुनेगरी हस्तान्तरण गर्नुपर्ने,
- छोटो समयमा प्रयोगकर्ता परिवर्तन हुँदा नयाँ खरिद नगरी मौजुदा सम्पत्ति उपयोग गर्नुपर्ने,
- कार्य सञ्चालनका लागि सामान्य खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने,
- सबै प्रकारका सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा पाम्समा राख्नुपर्ने,
- मुआब्जा प्रदान गरेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- जफत भएका तथा प्रयोगविहीन रहेका सवारीसाधनको उपयोग वा लिलाम बिक्री गर्नुपर्ने ।

अर्थतन्त्र

- राज्यलाई तिर्नु बुझाउनुपर्ने रकम पूर्वानुमानयोग्य र बहनयोग्य बनाउनुपर्ने,
- डिजिटल/विद्युतीय भुक्तानीलाई प्रश्रय दिई अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्नुपर्ने,
- उद्योग र व्यापार व्यवस्थित गर्न सार्वजनिक सेवामा लाग्ने समय र शुल्क निश्चित गर्नुपर्ने,
- लगानी वातावरण सहजताकालागि सम्बद्ध क्षेत्रका नीति एवम् कानुनबिच तादात्म्यता कायम गर्नुपर्ने,
- विशेष आर्थिक क्षेत्रमा उत्पादन उन्मुख वातावरण तयार गरी निकासी प्रवर्धन गर्नुपर्ने,
- कर्जा र निक्षेप अनुपात विश्लेषणबाट ब्याज तथा अतिरिक्त प्रिमियमको प्रभाव मूल्याङ्कन गर्नुपर्ने,
- सङ्गठित संस्थाले सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिने व्यवस्था हुनुपर्ने,
- सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वका विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने,
- सङ्गठित संस्थाहरूमा कोष बेगरका दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।

सार्वजनिक वित्त व्यवस्थापन

- राष्ट्रिय बजेट प्रणाली बाहिरका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम/योजना बजेटमा समावेश हुनुपर्ने,
- विद्युतीय वित्तीय कारोबारलाई करको दायरामा ल्याउनुपर्ने,
- राजस्व छुटबाट परेको असर/प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्ने,
- समयमै राजस्व नीतिर्ने करदातालाई पछिल्ला वर्षमा दिइने छुट सुविधाबारे पुनरावलोकन हुनुपर्ने,
- राय/परामर्श दिने निकायले विषय, कानुनी प्रावधान र प्रयोजन समेत खुलाई राय दिनुपर्ने,
- जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरणको लागि मात्रै वैदेशिक परामर्श सेवा लिनुपर्ने,
- लागत, उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्ने,
- विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अनुदान प्रदान गर्नुपर्ने,
- तीनै तहका गैरबजेटरी निकायको कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने,
- सेवा प्रवाह मितव्ययी, पारदर्शी र व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने ।

सार्वजनिक प्रशासन

- क्षमता विकासका लागि राष्ट्रसेवकलाई वार्षिकरूपमा न्यूनतम समयावधिको तालिम प्रदान गर्नुपर्ने,
- सार्वजनिक संस्थामा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी निर्धारण गर्नुपर्ने,
- न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने,
- गुणस्तर, समयसीमा, शुल्क र प्रक्रिया व्यवस्थित बनाई अनुमानयोग्य सेवा प्रवाह हुनुपर्ने,
- लक्षितवर्गलाई सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्ने,
- फेसलेस ब्युरोक्रेसी, विद्युतीय शासन, एकल सेवा केन्द्र जस्ता नवीन अवधारणा कार्यान्वयन गर्नुपर्ने,
- विशिष्ट ज्ञान उपयोग गर्न समय लचकता तथा बहुकार्यालय जिम्मेवारी हुने व्यवस्था गर्नुपर्ने,
- नागरिक सचेतना वृद्धि तथा पृष्ठपोषण मार्फत सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने,
- समयको उपलब्धता एवम् सेवा खरिद गर्ने सामर्थ्य समेतको आधारमा सेवा प्रवाह तय गर्नुपर्ने ।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्य हासिल गर्न सरकार र अन्यक्षेत्रबिच समन्वय एवम् सहकार्य गर्नुपर्ने,
- विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्ने,
- पूर्व तयारी बेगर खरिद गर्दा प्रतिफल प्राप्तिमा ढिलाइ भएकोले सोमा सुधार हुनुपर्ने,
- नवप्रवर्तन र प्रविधि अनुरूप सार्वजनिक निर्माण लागत घटाउन विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्ने,
- अधुरा आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गर्नुपर्ने,
- खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्ने,
- जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने प्रवृत्ति नियन्त्रण हुनुपर्ने,
- खरिदका क्रममा राजस्व छुट दिने, नदिने विषय बोलपत्रसम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने ।

सूचना प्रविधि

- सूचना प्रविधिका नवीनतम् क्षेत्र समेट्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधि खरिदसम्बन्धी नर्म्स तयार गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्ने,
- पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी सूचना प्रविधि प्रणाली विकास गर्नुपर्ने,
- एकीकृत डाटा सेन्टरमार्फत सबै सार्वजनिक निकायले सेवा लिने व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधिको नियन्त्रण र सुरक्षामा एकद्वार प्रणालीका लागि छुट्टै नलेज सेन्टर हुनुपर्ने,
- भीएपीटी परीक्षण लगायतका मापदण्ड पुरा भएपश्चात् सूचना प्रणाली प्रयोगमा ल्याउनुपर्ने,
- एकै प्रकारका कामको लागि सबै निकायले एउटै सूचना प्रविधि प्रणाली खरिद गर्नुपर्ने,
- सार्वजनिक निकायका वेबसाइट र मोबाइल एप्लिकेशनमा एकरुपता कायम गर्नुपर्ने ।

सुशासन

- विद्युतीय माध्यमको प्रयोग गरी छिटो, छरितो र अनुमानयोग्य सेवा उपलब्ध गराउनुपर्ने,
- सार्वजनिक सेवा प्रवाहमा नागरिकको निगरानीलाई मजबुत बनाउनुपर्ने,
- निष्ठा प्रवर्धनका लागि पदीय आचरण पालना गर्ने संस्कृतिको विकास गर्नुपर्ने,
- वैदेशिक/आन्तरिक भ्रमण स्वीकृत गर्दा औचित्य पुष्टि गर्ने र सोको निर्णय समयमै गर्नुपर्ने,
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उच्च प्रतिफल र गुणस्तर कायम हुनुपर्ने,
- कर भन्सार महशुलसँग सम्बन्धित विवादको निरूपण कानुनद्वारा तोकिएको अवधिमै गर्नुपर्ने,
- सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गर्नुपर्ने ।

संवैधानिक तथा कानूनी व्यवस्था



नेपालको संविधान

धारा २४१ (१)	राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ।
धारा २४१ (२)	५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ ।
धारा २४१ (५)	कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ।
धारा २९४ (१)	यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद समक्ष पेश गर्न लगाउनेछ।

लेखापरीक्षण ऐन, २०७५

दफा ३	सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।
दफा ४	महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ।
दफा ५	महालेखापरीक्षकले, नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी वित्तीय लेखापरीक्षणको अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैङ्गिक, विधि विज्ञान, वातावरण जस्ता विविध विषयको समेत लेखापरीक्षण गर्न सक्ने व्यवस्था छ।
दफा ६	महालेखापरीक्षकले आर्थिक वर्ष समाप्त नहुँदै वा कारोबार सम्पन्न भएपश्चात् सामयिक लेखापरीक्षण गर्न सक्ने व्यवस्था छ।
दफा ७	महालेखापरीक्षकले सङ्घीय कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने जुनसुकै प्रकारका सहायता, अनुदान तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्रदान गरिने जुनसुकै सहायता वा अनुदान रकमको लेखापरीक्षण गर्न सक्ने व्यवस्था छ।
दफा ८	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने विषय
दफा ९	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने विषय

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

लेखापरीक्षणको उद्देश्य

संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानूनद्धारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवम् जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझावसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको छ।

वित्तीय लेखापरीक्षण



- तीन वटै तहका सरकारहरूको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरुप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानूनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानूनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐन बमोजिम सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांशलगायतको लेखा राखेको ।

परिपालनाको लेखापरीक्षण



- प्रचलित कानूनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवम् अभिलेख राखेको,
- आर्थिक कारोबार गर्दा ऐन कानूनको परिपालना गरेको एवम् औचित्य पुर्ण पुष्ट्याँइ गर्ने,
- खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था पर्याप्त भएको र सोको अनुसरण गरेको ।

कार्यमूलक लेखापरीक्षण



- खर्च मितव्ययी तवरले गरेको र कार्यक्रम एवम् लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी संरक्षण एवम् उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवम् दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य नीतिअनुरुप कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गरी उपलब्धि हाँसिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरुप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढंगले खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको ।

विशेष लेखापरीक्षण
६१ औं प्रतिवेदनमा समावेश



- प्रदेश सरकार, महानगरपालिकाहरु र उपमहानगरपालिकाहरुको पाँच वर्षको कार्यसम्पादन अवस्थाको विशेष लेखापरीक्षणअन्तर्गत बजेट खर्च, कार्यसम्पादन र उपलब्धि मूल्याङ्कन भएको,
- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवम् प्रभावकारी तवरले उपयोग गरेको ।

लेखापरीक्षणको क्षेत्र

- संवैधानिक निकाय, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, सङ्घीय कानूनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकेका अन्य निकायको आर्थिक वर्ष २०८०/८१ को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ।
- शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास प्रशासन, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि सञ्चालित क्रियाकलापको मूल्याङ्कनलाई समेत लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।



लेखापरीक्षण पद्धति

- वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा कार्यालयले तयार गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) प्रयोग गरी विद्युतीय माध्यमबाट लेखापरीक्षण व्यवस्थापन गरिएको छ।
- लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ।
- लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली आन्तरिक लेखापरीक्षणतथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूरलेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।



लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकायको विवरण

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानूनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवम् जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझावसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको छ।

५७५९	११	१	१	२
वित्तीय लेखापरीक्षण	कार्यमूलक लेखापरीक्षण	वातावरणीय लेखापरीक्षण	सूचना प्रविधि लेखापरीक्षण	विशेष लेखापरीक्षण

वित्तीय लेखापरीक्षण



कार्यमूलक लेखापरीक्षण ११

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
खनिज अन्वेषण उत्खनन् स्थिति	खानी तथा भूगर्भ विभाग	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति	विद्युत विकास विभाग	उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय
शीत भण्डार व्यवस्थापन कार्यक्रम	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति	आयोजना निर्देशनालय	खानेपानी तथा शहरी विकास मन्त्रालय
हुलाकी राजमार्ग निर्माण अवस्था	हुलाकी राजमार्ग निर्देशनालय	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था		सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
विमानस्थलहरुको सञ्चालन एवम् व्यवस्थापनको	नागरिक उड्डयन प्राधिकरण	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
कृषि तथा पशु बीमा कार्यक्रमको प्रभावकारिता	नेपाल बीमा प्राधिकारण	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति	नेपाल राष्ट्र बैङ्क	अर्थ मन्त्रालय
लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता	लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजना	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन	उपत्यका ट्राफिक प्रहरी कार्यालय	गृह मन्त्रालय

विशेष लेखापरीक्षण २

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
अर्थतन्त्रको अवस्था		अर्थ मन्त्रालय

वातावरणीय लेखापरीक्षण १

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन	बालाजु औद्योगिक क्षेत्र	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सूचना प्रविधि लेखापरीक्षण १

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली	वैदेशिक रोजगार विभाग	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय



लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति

लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति

बेरूजु (आ. व. २०८०/८१)







द्रष्टव्य: १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन ।
२. संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

बेरुजू वर्गीकरणको विवरण मूल प्रतिवेदनको अनुसूची १५, १६ र २१ मा उल्लेख छ ।

असुल गर्नुपर्ने बेरुजू: हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेका।

नियमित गर्नुपर्ने बेरुजू: अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको।

पेस्की: कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्की।

अद्यावधिक बेरूजु रकम

(रू. लाखमा)

सङ्घीय सरकारी कार्यालयहरु



प्रदेश सरकारी कार्यालयहरु



स्थानीय तह



समिति र अन्य संस्था (प्रदेश समेत)



जम्मा अद्यावधिक बेरुजु



लेखापरीक्षण र बेरूजु रकम

(रू. लाखमा)



द्रष्टव्य: सङ्गठित संस्था ४५ को रु. ४४ खर्ब ७ अर्ब ४ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४२ संस्थाको ४५ आर्थिक वर्षको लागी परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु. १५ खर्ब ७७ अर्ब ४८ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्।

कारबाही टुङ्गो लगाउनुपर्ने रकम

(रू. लाखमा)

क्र. स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	९,८७,५५	(१,१६,२१)	८,७१,३४
२	राजस्व बक्यौता	४,३५,४२,८२	३६,९२,१०	४,७२,३४,९३
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६,०९,४५	(९,८४,३४)	६,२५,११
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	५,५९,३४	८,७३,६९	१४,३३,०३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४६,४१,२७	२,९६,१०	४९,३७,३७
	जम्मा	५,१३,४०,४३	३७,६१,३४	५,५१,०१,७८

द्रष्टव्य: कारवाही टुङ्गो लगाउनुपर्ने रकममा सङ्घीय तथा प्रदेश सरकारी कार्यालय हालसम्म लेखापरीक्षण हुन बाँकी आर्थिक वर्षको बक्यौता रकम समावेश गरिएको छ।

सङ्घीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरूजु हुने दश मन्त्रालयहरू तथा अन्य मन्त्रालयको बेरूजु



बढी बेरूजु हुने मन्त्रालयहरूको लेखापरीक्षण अङ्कको तुलनामा बेरूजु प्रतिशत





लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

आयोगबाट स्वीकृत पन्ध्रौं योजनाले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छ:

आवधिक योजना कार्यान्वयन	आधार वर्ष २०७५/७६	२०८०/८१ को लक्ष्य	२०८०/८१ अनुमानित उपलब्धि
वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत)	६.८	१०.३	३.५
कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	३
उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१४.६	१.२
सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.७	४.५
वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६	६
प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१५९५	१४५६
गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.७	९.५	२०.३

	आधार वर्ष २०७५/७६	२०८०/८१ को लक्ष्य	२०८०/८१ अनुमानित उपलब्धि
मानव विकास सूचकाङ्क	०.५७९	०.६२४	०.६०९
अपेक्षित आयु (जन्म हुँदाको वर्ष)	६९.७	७२	७१.६
खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९९	९७
साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	५८	९५	७८
विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	५८२०	२९६२
विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९८
इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	८०	७५

स्रोत: सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१/८२

आधार वर्षको तुलनामा योजना अवधिको अन्तिम वर्षसम्म केही सूचकहरूमा सुधार आए पनि अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। पन्ध्रौं योजनाका लक्ष्यहरूको अपेक्षित रूपमा उपलब्धि हुन नसकेको आवस्थामा हाल सोह्रौं योजना कार्यान्वयनमा आएको छ। यस योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

राजस्व अनुमान र असुली (२०८०/८१)

अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०८०/८१ मा रू. १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व प्राप्त हुने अनुमान रहेकोमा रू. १० खर्ब ८२ अर्ब ७५ करोड (७६.११%) असुल भएको छ।



स्रोत: अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार राजस्व प्राप्ति रू. ९ खर्ब ७६ अर्ब ९१ करोड देखिएकोले मन्त्रालयको प्रगति विवरण र एकीकृत वित्तीय विवरणमा फरक राजस्व यकिन गरिनुका साथै राजस्व असुलीका लागि कार्ययोजना बनाई लक्ष्यबमोजिम राजस्व असुली गर्नुपर्दछ।





सङ्घीय मन्त्रालय तथा निकाय

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

सरकारी बजेट तथा खर्च

आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च तथा सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:





स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: स्वास्थ्य र शिक्षातर्फको खर्चमा प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन।

खर्चको स्थिति

यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छ:

चालु खर्च



कुल चालु खर्च ९२९१२६४

पुँजीगत खर्च



कुल पुँजीगत खर्च १९२०२७४

स्रोत: महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्य: चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू. २ खर्ब ७२ अर्ब २५ करोड रहेको छ।

७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

स्रोतगत खर्च

सङ्घीय सरकारको २०८०/८१ को अनुमान र यथार्थ खर्च को स्रोतगत विवरण निम्नानुसार छ:

(रू. लाखमा)





२०८०/८१ मा रकमान्तर



कुल बजेट

रू. १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख

रकमान्तर

रू. २ खर्ब ५६ अर्ब ४१ करोड ३ लाख (१४.६४%)

- आषाढ महिनामा रकमान्तर: **रू. २६ अर्ब ९० करोड ३४ लाख**
- आषाढको अन्तिम हप्तामा रकमान्तर: **रू. १५ अर्ब ९८ करोड ३० लाख** रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थपघट गरेको छ।
- यो वर्ष पहिलो त्रैमासिक अवधिमा **रू. ११ अर्ब ६४ करोड ७ लाख** (कुल रकमान्तरको ४.५४ प्रतिशत) रकमान्तर भएको छ।

राष्ट्रिय गौरवका आयोजना

नेपाल सरकारले २०६८/६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको छ। यो वर्षसम्म यस्ता आयोजनाको संख्या २७ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०८०/८१ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छ:

सम्पन्न भएका आयोजना

(रु. करोडमा)



माथिल्लो तामाकोशी जलविद्युत आयोजना

शुरु वर्ष: **२०६७/६८**

१००% भौतिक प्रगति — **सम्पन्न**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
४९२९ *(संशोधन समेत)*	**0**	**५२९८**



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल*

शुरु वर्ष: **२०७१/७२**

१००% भौतिक प्रगति — **सम्पन्न**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३०९१ *(संशोधन समेत)*	**0**	**२९९३**

प्रगति ८०% वा बढी भएका आयोजना

(रु. करोडमा)



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल*

शुरु वर्ष: **२०७४/७५**

९९.६% भौतिक प्रगति — सम्पन्न हुनुपर्ने वर्ष: **२०७९/८०**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२४८६ *(संशोधन समेत)*	**0**	**२४५८**



मेलम्ची खानेपानी आयोजना (दोस्रो चरणसमेत)*

शुरु वर्ष: **२०५५/५६**

९९% (पहिलो चरण), ८.६७% (दोस्रो चरण) भौतिक प्रगति — सम्पन्न हुने वर्ष: **२०८५/८६**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२८७९ *(संशोधन समेत)*	**५८**	**३१९१**



लुम्बिनी क्षेत्र विकास कोष

शुरु वर्ष: **२०६९/७०**

८८% भौतिक प्रगति — सम्पन्न हुने वर्ष: **२०८३/८४**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१३२६ *(संशोधन समेत)*	**४१**	**८३१**

५०% देखि ८०% सम्म प्रगति भएका आयोजना

(रु. करोडमा)



पुष्पलाल लोकमार्ग आयोजना (मध्यपहाडी)

शुरु वर्ष: **२०६४/६५**

७७.३२% भौतिक प्रगति — सम्पन्न हुने वर्ष: **२०८४/८५**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
८४३३ *(संशोधन समेत)*	**४२१**	**६९१७**

५०% देखि ८०% सम्म प्रगति भएका आयोजना

(रु. करोडमा)



रानी जमरा कुलरिया सिँचाइ आयोजना

२०६७/६८ शुरु वर्ष

७४.७२% भौतिक प्रगति

२०८०/८१ सम्पन्न हुनुपर्ने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७७०.२४ *(संशोधन समेत)*	**१९८**	**२००३.६८**



बबई सिँचाइ आयोजना

२०४५/४६ शुरु वर्ष

७२.२२% भौतिक प्रगति

२०८२/८३ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१८९६.३ *(संशोधन समेत)*	**७६**	**१३४३.९२**



कालीगण्डकी कोरिडोर (जैडाकोट कोरला सडक खण्ड)

२०६६/६७ शुरु वर्ष

७१.३६% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३५७९ *(संशोधन समेत)*	**२२७**	**१९०४**



हुलाकी लोकमार्ग आयोजना

२०६६/६७ शुरु वर्ष

६६.९१% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१०१६३ *(संशोधन समेत)*	**५२२**	**६४८७**



भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (भेरी करिडोर सिँचाइ बाहेक)*

२०६८/६९ शुरु वर्ष

६५% भौतिक प्रगति

२०८४/८५ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३३१९.६६ *(संशोधन समेत)*	**१५०**	**१६५०**

प्रगति ५०% भन्दा कम

(रु. करोडमा)



सिक्टा सिँचाइ आयोजना

२०६१/६२ शुरु वर्ष

४१.७९% भौतिक प्रगति

२०८९/९० सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
५२६४ *(संशोधन समेत)*	**८८**	**२१४८.४७**



काठमाडौं तराई मधेश द्रुतमार्ग

२०६४/६५ शुरु वर्ष

३५.३८% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२११९३ *(संशोधन समेत)*	**१७८७**	**६७११**

प्रगति ५०% भन्दा कम

(रु. करोडमा)



कोशी कोरिडोर
(खाँदबारीदेखि किमाथांका)

२०६५/६६
शुरु वर्ष

३५%
भौतिक प्रगति

२०८५/८६
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१६२० *(संशोधन समेत)*	**५७**	**५५८**



सुनकोशी मरिन डाइभर्सन
बहुउद्देश्यीय आयोजना

२०७३/७४
शुरु वर्ष

३४.४%
भौतिक प्रगति

२०८५/८६
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
४९४१.३१ *(संशोधन समेत)*	**६४५**	**१५३६.४९**



कर्णाली कोरिडोर
(खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)

२०६९/७०
शुरु वर्ष

२२.६०%
भौतिक प्रगति

२०८४/८५
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१८६६ *(संशोधन समेत)*	**७१**	**२५२**



महाकाली सिँचाइ आयोजना

२०६३/६४
शुरु वर्ष

२२.१८%
भौतिक प्रगति

२०८७/८८
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३५०० *(संशोधन समेत)*	**१२२**	**८०२.०५**

सुरु नभएको

(रु. करोडमा)



निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

२०७१/७२
शुरु वर्ष

सुरू नभएको
भौतिक प्रगति

२०८५/८६
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१६५०० *(संशोधन समेत)*	**0**	**१०६**

मापन नगरिएको



राष्ट्रपति चुरे तराई मधेश
संरक्षण विकास समिति

२०७१/७२
शुरु वर्ष

मापन नगरिएको
भौतिक प्रगति

२०९३/९४
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२४९७२ *(संशोधन समेत)*	**९०.२१**	**१४९६**

प्रस्तावित



पश्चिम सेती जलविद्युत आयोजना

सन् २०२५
प्रस्तावित

0%
भौतिक प्रगति

सन् 2030
प्रस्तावित

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७३८५ *(संशोधन समेत)*	**0**	**0**

भौतिक प्रगति प्रतिशत नखुलेको

(रु. करोडमा)

 रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६५/६६ शुरु वर्ष	१५००० लागत अनुमान *(संशोधन समेत)*	२९६ यो वर्षको खर्च	३३४५ हालसम्मको खर्च	उल्लेख नगरिएको
 बुढीगण्डकी जलविद्युत आयोजना	२०६९/७० शुरु वर्ष	२६००० लागत अनुमान *(संशोधन समेत)*	– यो वर्षको खर्च	४२६५ हालसम्मको खर्च	२०८३/८४ सम्पन्न हुने वर्ष
 पशुपति क्षेत्र विकास कोष*	२०७०/७१ शुरु वर्ष	२२७ लागत अनुमान *(संशोधन समेत)*	१९ यो वर्षको खर्च	३६९ हालसम्मको खर्च	निरन्तर
 विद्युत प्रसारण आयोजना	२०७४/७५ शुरु वर्ष	६९७ लागत अनुमान *(संशोधन समेत)*	१३.५५ यो वर्षको खर्च	६१.३७ हालसम्मको खर्च	२०८५/८६ सम्पन्न हुने वर्ष
 मुलपानी क्रिकेट एकेडमी तथा रंगशाला	२०८०/८१ शुरु वर्ष	नखुलेको लागत अनुमान *(संशोधन समेत)*	नखुलेको यो वर्षको खर्च	नखुलेको हालसम्मको खर्च	नखुलेको सम्पन्न हुने वर्ष
 गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला	२०८०/८१ शुरु वर्ष	नखुलेको लागत अनुमान *(संशोधन समेत)*	नखुलेको यो वर्षको खर्च	नखुलेको हालसम्मको खर्च	नखुलेको
 गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशाला	२०८०/८१ शुरु वर्ष	नखुलेको लागत अनुमान *(संशोधन समेत)*	नखुलेको यो वर्षको खर्च	नखुलेको हालसम्मको खर्च	२०८५/८६ सम्पन्न हुने वर्ष

नोट: पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको कार्य हालसम्म सुरुवात हुन सकेको छैन।
*गत वर्षको प्रतिवेदनमा उल्लिखित लागत अनुमान तथा हालसम्मको खर्चमा समायोजन गरी अद्यावधिक गरिएको छ।

राष्ट्रिय योजना आयोगको विवरणअनुसार यो वर्ष थप भएका ३ आयोजनासमेत २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित मध्यमकालीन बजेट अनुमान रु. २२ खर्ब ७२ अर्ब ४२ करोड ६१ लाख रहेकोमा २०८०/८१ सम्म शतप्रतिशत वित्तीय प्रगति भएका गौतमबुद्ध विमानस्थल र माथिल्लो तामाकोशी जलविद्युत आयोजना बाहेकमा रु. ४ खर्ब ८७ अर्ब ३२ करोड ५६ लाख खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये सम्पन्न भएका २ आयोजना, समष्टिगत भौतिक प्रगति ८०% वा सोभन्दा माथि हाँसिल गर्ने ३ आयोजना, ५०% देखि ८०% प्रगति हाँसिल गर्ने ६ आयोजना रहेका छन् भने ५०% भन्दा न्यून प्रगति हाँसिल गर्ने आयोजना ६ तथा भौतिक प्रगति नखुलेका ८ आयोजना तथा सुरु नभएका २ आयोजना रहेका छन्। आर्थिक वर्ष २०७८/७९ मै सम्पन्न भइसक्नुपर्ने पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति ८८% भए तापनि सम्पन्न हुने अवधि तोकेको छैन। रानी जमरा कुलरिया, सुनकोशी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, काठमाडौं तराई द्रुतमार्ग, लुम्बिनी क्षेत्र विकास कोषसहित ५ आयोजना २०८०/८१ मा निर्माण सम्पन्न हुनुपर्नेमा सम्पन्न नभई म्याद थप भएको देखिन्छ ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

खनिज अन्वेषण तथा उत्खनन स्थिति



खनिज अन्वेषण तथा उत्खनन् स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट देशमा उपलब्ध खनिज सम्पदाको दिगो उपयोग गर्नुपर्नेमा खनिज अन्वेषण, उत्खनन् र व्यवस्थापनको कार्य व्यवस्थित हुन नसकेको, खनिजसम्बन्धी तीन तहको अधिकार कार्यान्वयन गर्न राष्ट्रिय खनिज नीति, २०७४ जारी भएतापनि कानुनहरूमा समयानुकूल संशोधन हुन नसकेको, खनिज खोजतलास तथा उत्खनन् अनुमति व्यवस्थापन, खनिज अन्वेषणको लक्ष्य तथा प्रगतिको किटान एवम् मापन गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

विद्युत उत्पादन, प्रसारण र उपयोग स्थिति



जलविद्युत आयोजना निर्माण तथा उत्पादन, प्रसारण र उपयोगमा प्रभावकारिता कायम गर्न, माग र आपूर्ति व्यवस्थापन हुन नसकेको, विद्युत व्यापार योजना र पूर्वाधारमा सामञ्जस्यता हुन नसकेको, समयमा विद्युत आयोजना सम्पन्न नहुँदा समय र लागत बढ्न गएको, सम्पन्न भैसकेका आयोजनाको विद्युत राष्ट्रिय ग्रिडमा जडान गर्ने र प्रसारण कार्यमा ढिलाइ हुन गएको, मुआब्जा वितरण, ट्रान्समिसन लाइन निर्माणका लागि आवश्यक एवम् प्रभावकारी समन्वय हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

शीत भण्डार व्यवस्थापन कार्यक्रम



निर्माण भएका शीत भण्डारको एकीकृत अभिलेख नभएको, सञ्चालनका लागि विद्युत आपूर्ति नियमित नभएको, नियमित सञ्चालन तथा मर्मत संभारका लागि दक्ष जनशक्तिको अभाव रहेको, शीत भण्डार पूर्ण क्षमतामा सञ्चालनमा नरहेको, निर्माणाधीन पूर्वाधार अधुरो रहेको, स्थानीय कृषकहरूलाई सहुलियत दरमा भण्डारण सुबिधा उपलब्ध हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

लिफ्टिङ्ग खानेपानी आयोजना स्थिति



आयोजनाको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रमको आवश्यकता पहिचान हुन नसकेको, दिगो विकास लक्ष्य एवम् आवधिक योजना अनुरुप सुरक्षित खानेपानीमा पहुँच बढाउन नसकेको, खानेपानी नीतिको पूर्ण कार्यान्वयन हुन नसकेको, आयोजनाको माग तथा स्वीकृतिमा निर्देशिकाको पूर्ण पालना हुन नसकेको, निर्धारित समयभित्र निर्माण सम्पन्न हुन नसकेको, आयोजनाको मर्मत सम्भारमा दक्ष प्राविधक जनशक्तिको अभाव रहेको, अभिलेख व्यवस्थित हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

हुलाकी राजमार्ग निर्माण अवस्था



पर्याप्त पूर्व तयारी नभई कार्यान्वयन भएको, हाल सम्म आयोजनाको भौतिक प्रगति ६६ प्रतिशत मात्रै भएको, स्थानीय अवरोध तथा विवाद समयमै समाधान हुन नसकेको, डिजाइन एण्ड विल्ड विधिबाट निर्माण हुने पुलहरू समेत समयमा निर्माण सम्पन्न हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको ठुङ्गो लाग्न नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

विमानस्थलहरूको सञ्चालन एवम् व्यवस्थापन



कानुन र नीतिमा समयानुकूल परिमार्जन हुन नसक्दा अन्तर्राष्ट्रिय उड्डयन सङ्गठन र अन्य संस्थाहरूले निर्धारित गरेका मानक अनुकूलको व्यवस्था परिपालनामा कठिनाई रहेको, हवाई नीति बमोजिम एकद्धार प्रणालीको विकास हुन नसकेको, प्राधिकरण सेवाप्रदायक र नियमनकारी भूमिकामा संलग्न रहेको, हब विमानस्थलको सञ्चालन तोकिए बमोजिम हुन नसकेको, अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयन पूर्ण रुपमा हुन नसकेको, विमानस्थलको दूरी तोकिएको नटिकल माइल बमोजिम हुन नसकेको, दुर्गम क्षेत्रमा नियमित हवाई उडान हुन नसकेको, दुर्गम क्षेत्र हवाई सेवाकोषको सञ्चालन व्यवस्थित हुन नसकेको, हिमाली तथा पहाडी क्षेत्रमा उडान तालिका भन्दा न्यून उडान हुने गरेको, उडान अनुमति कार्यान्वयनको नियमित अनुगमन हुन नसकेको, लाभ लागत विश्लेषणका आधारमा विमानस्थलको निर्माण तथा सञ्चालन हुन नसकेको, व्यवस्थापन सूचना प्रणाली विकास गरी सोको कार्यान्वयन हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

कृषि तथा पशु बीमा कार्यक्रमको प्रभावकारिता



सञ्चालित बीमा कार्यक्रमको कार्यान्वयनमा संरचनागत, प्रणालीगत र नीतिगत कठिनाई रहेको, बीमा कार्यक्रममा न्यून संख्यामा कृषकको सहभागिता रहेको, कृषकहरूले अनुदान सम्बन्धी जानकारी प्राप्त गर्न नसकेको, बीमा प्रक्रिया सरलीकरण हुन नसकेको, बिमाङ्क रकम निर्धारणमा वैज्ञानिकता नहुनु, ग्रामीण क्षेत्रसम्म बीमा कम्पनीको उपस्थिति नहुनु, साना र सीमान्तकृत कृषकहरूको पहुँच वृद्धि हुन नसकेको, दाबी भुक्तानी प्रक्रिया सरलीकरण हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति



कार्यक्रम घोषणा गर्नुपूर्व पर्याप्त अध्ययन, विश्लेषण एवम् विगतका कार्यक्रमको समीक्षा हुन नसकेको, कार्यविधि पटक-पटक संशोधन हुँदा स्थायित्व प्रभावित हुन गएको, लक्षित वर्ग पहिचान र ब्याज अनुदान वितरण प्रक्रियामा सुधारको आवश्यकता देखिएको, वित्तीय संस्थालाई प्राथमिकतापूर्वक लगानी गर्न प्रोत्साहन गर्न नसकेको, जस्ता बेहोराहरू देखिएका छन्।

लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता



सम्झौता अनुसार कार्यक्रम कार्यान्वय गरी अपेक्षित रुपमा बजेट खर्च हुन नसकेको, आयोजनाको कार्यक्षेत्र र बजेटबीच तालमेल हुन नसकेको, वितरण गरिएका कतिपय उपकरण र निर्मित संरचनाहरू प्रयोगबिहिन अवस्थामा रहेको, बीमा दाबिमा कठिनाइ, रोग तथा महामारी रोकथाममा आयोजनाको ध्यान पुग्न नसकेको, कृषकको व्यवस्थापकीय र प्राविधिक ज्ञान अभिवृद्धिका लागि तालीम कार्यक्रम सञ्चालन हुन नसकेको, कृषि सम्पत्ति तथा सेवामा महिलाको पहुँच न्यून रहेको, संस्थागत व्यवस्था सरलीकरण गरी सम्पन्न भएका कार्यक्रमको दीगोपना हाँसिल गर्न नसकेको, कृषकमा ऋणको भार बढ्दै गएको, परियोजनाबाट सञ्चालित कार्यक्रमको दिगोपना कायम हुन नसकेको, व्यवसायको निरन्तरता जोड दिन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापन



ट्राफिक हुने मुख्य स्थानमा अण्डरपास तथा फ्लाईओभर जस्ता संरचना निर्माण हुन नसकेको, ट्राफिक बत्ती एवम् संरचनाको नियमित मर्मत सम्भार हुन नसकेको, जडान गरीएका स्मार्ट बत्तीमा सुविधा थप हुन नसकेको, सवारी साधनको आयू निर्धारण हुन नसकेको, वातावरणीय मापदण्ड र ट्राफिक व्यवस्थापनमा समयानुकुल सुधार हुन नसकेको, सडक अनुशासन तथा ट्राफिक नियम सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको, ट्राफिक नियमका वारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन नसकेको, सञ्चालनमा रहेका करिडोरको अवरोध हटाई निर्वाध रुपमा आवागमन सञ्चालन हुन नसकेको, विद्युतीय तार अण्डरग्राउण्ड हुन नसकेको, खानेपानी, ढल व्यवस्थापन लगायतका निकायबिच समन्वय कायम हुन नसकेको, पार्किङ्ग व्यवस्थित हुन नसकेको, पार्किङ्ग बक्स निर्माण हुन नसकेको जस्ता बेहोराहरू कार्यमूलक लेखापरीक्षणबाट देखिएका छन्।

स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था



स्थानीय तहले बजेट प्रस्ताव गर्ने उद्देश्यबाट तयार गरेको प्रतिवेदन आगामी वर्षको बजेटमा समावेश भई पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको, स्रोत सुनिश्चत हुन नसकेको, आयोजना बैङ्क र सोको कार्यान्वयन पक्षमा जोड दिनुपर्ने, स्वीकृत परियोजना प्रतिवेदन अनुसारको कार्यक्रम वजेटमा आवद्ध हुन नसकेको, परियोजना प्रतिवेदन भन्दा फरक ढंगबाट कार्यक्रम स्वीकृत हुने गरेको, खरिद ऐनका प्रचलित विधि पद्धतिको पूर्ण पालना हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

विशेष लेखापरीक्षण

गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार



कार्यक्रमको विशेष लेखापरीक्षणबाट पूर्व तयारी, छनोट तथा कार्यन्वयनमा सुदृढीकरण, स्थानीय तह, स्वास्थ्य संस्था र सम्बन्धित निकायको समन्वयमा दायरा एवम् श्रोत विस्तार, आकस्मिक उद्धार कोषको सवलिकरण हुन नसकेको, वितीय स्रोतहरुको सुनिश्चितता कायम हुन नसकेको, माग व्यवस्थापन एवम् पहुँच अभिवृद्धी गर्न प्रविधिको प्रयोग गरी सेवा सरलीकरण हुन नसकेको, हेल्पलाइन सेवा सञ्चालन हुन नसकेको, समान प्रकृतिका अन्य स्वास्थ्य तथा आपतकालीन उद्धार कार्यक्रमसँग आवद्धता कायम हुन नसकेको, उद्धारका साधन एवम् वैकल्पिक सेवाको सहज उपलब्धता हुन नसकेको, हवाई सेवा प्रदायकसँगको सहकार्यमा सेवा प्रवाह प्रभावकारी तुल्याउन नसकेको, रात्रिकालीन उद्धारमा कठिनाइ रहेको जस्ता बेहोराहरू देखिएका छन्।

अर्थतन्त्रको अवस्था, विशेष अध्ययन



अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्नुपर्ने, आयातमा आधारित राजस्व, तुलनात्मक रूपमा कम निकासी र बढ्दो व्यापार घाटा कम गर्न नीतिगत तथा प्रकृयागत सुधार गर्नुपर्ने, राजस्वको कमी र खर्चको वृद्धिसँगै पूँजीगत खर्चमा प्रभावकारिता हासिल गर्नुपर्ने, बढ्दै गएको सामाजिक सुरक्षा तथा अनिवार्य दायित्वमा ध्यान दिनुपर्नेलगायतका बेहोराहरू देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन



औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहरमैलाको प्रकृति र परिमाण वृद्धि हुँदै गएको, अव्यवस्थित रुपमा हानिकारक तथा रासायनिक फोहरमैला निष्काशन हुने गरेको, फोहर उत्सर्जन न्यूनीकरण, फोहोरको वर्गीकरण गरी तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन हुने नगरेको, फोहोरको व्यवस्थित संकलन, वर्गीकरण एवम् व्यवस्थनपन हुन नसकेको, फोहोरको पुन:प्रयोग, जनचेतना अभिवृद्धि र क्षमता विकासमा पर्याप्त ध्यान नपुगेको, फोहरबाट ऊर्जा उत्पादन, आम्दानी स्रोतको रुपमा उपयोग गर्ने जस्ता नवीन अवधारणाको कार्यान्वयन हुन नसकेको, पुन:प्रयोग, निर्मलीकरण एवम् प्रसोधन, फोहर पानीको सुरक्षित प्रसोधन, नवीनतम तथा उन्नत प्रविधि अवलम्वन हुन नसकेको, सम्बद्ध निकायबिच साझेदारी, सहकार्य एवम् समन्वय कायम हुन नसकेको, प्रकृति र परिमाणअनुसार सेवा शुल्क निर्धारण हुन नसकेको जस्ता बेहोरा देखिएका छन्।

सूचना प्रविधि लेखापरीक्षण

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली



उल्लिखित प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गर्दा सूचना प्रविधि व्यवस्थापन नीति तर्जुमा गरी एप्लिकेशन सफ्टवेयरको विकास एवम् प्रयोग हुन नसकेको, सूचना प्रविधि पूर्वाधारको उचित प्रबन्ध हुन नसकेको, सम्भावित जोखिमको पूर्वानुमान र न्यूनीकरण, तथा प्रणाली स्तरोन्नतिका लागि दीर्घकालीन रणनीति तर्जुमा हुन नसकेको, डाटाबेस, हार्डवेयर, नेटवर्किङ्ग र फायरवालको निरन्तर सुधार र लाइसेन्स नवीकरण हुन नसकेको, सरकारी निकायका सूचना प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण, तथ्याङ्क भण्डारणको क्षमता अभिवृद्धि हुन नसकेको, हार्डवेयर र सफ्टवेयरको विस्तृत अभिलेखीकरण हुन नसकेको, प्रणाली प्रयोगकर्ताको साक्षरता अभिवृद्धिका लागि अनलाइन ट्युटोरियल तथा प्रशिक्षण कार्यक्रम सञ्चालन हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।



प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

सरकारी कार्यालयको लेखापरीक्षण

वित्त हस्तान्तरण

क. वित्तीय समानीकरण अनुदान *(रू. हजारमा)*



ख. सशर्त अनुदान *(रू. हजारमा)*



ग. समपूरक अनुदान *(रू. हजारमा)*



घ. विशेष अनुदान *(रू. हजारमा)*



राजस्व बाँडफाँट

(रू. हजारमा)



राजस्व अनुमान र प्राप्ति

(रू. हजारमा)



प्रदेशहरूको प्रक्षेपण अनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएकोले राजस्वको दायरा र आधार विस्तार गर्न आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि गर्नुपर्दछ।

प्रदेश आन्तरिक स्रोत परिचालन

(रू. हजारमा)

१,११,७६,९२,९४

प्रदेश आन्तरिक स्रोतबाट खर्च

		प्राप्ति प्रतिशत
कोशी	१५,४३,०६,१९	५५.०६%
मधेश	१७,००,८१,१३	६९.२९%
बागमती	३३,०८,२८,२६	७४.३२%
गण्डकी	१२,२८,८९,८३	५५.३४%
लुम्बिनी	१६,०६,९५,६०	६०.७९%
कर्णाली	८,८५,२५,९३	४४.५६%
सुदूरपश्चिम	९,०३,६६,००	४८.८१%

बजेट तथा खर्च

प्रदेशगत बजेट तथा खर्च *(रू. हजारमा)*





जम्मा बजेट तथा खर्च *(रू. हजारमा)*



प्रदेश रकमान्तर

यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रू. २ खर्ब ८० अर्ब १९ करोड ५३ लाख रहेकोमा रू. ३३ अर्ब ८८ करोड २४ लाख थप र रू. ३३ अर्ब ७५ करोड ५१ लाख घट भई रू. २ खर्ब ८० अर्ब ३२ करोड २६ लाख बजेट कायम गरेको देखिन्छ। सोमध्ये २०८१ आषाढ महिनामा भएको प्रदेशगत रकमान्तर निम्नबमोजिम छन्:

(रू. हजारमा)



वर्षन्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

बेरूजुको विवरण (२०८०/८१)



कुल बेरूजु रकम र पेस्की बाहेक बेरूजु रकम *(रू. हजारमा)*



अद्यावधिक बेरूजु

(रू. हजारमा)








गण्डकी प्रदेश
२,६८,५५,४२
२४,१९,०३
२,०८,३०
२,४६,५२,६५
५१,८२,३३
२,८८,५१,०२
७८,९६,३३
गत सम्मको बाँकी
सम्परीक्षण
सम्परीक्षणबाट थप
बाँकी
यो वर्षको थप
हालसम्मको बाँकी
बेरुजु बाँकी मध्ये पेस्की


लुम्बिनी प्रदेश
४,०२,०८,६८
१०,५६,२८
१५,८१
३,८१,६८,२१
६५,८२,९६
४,५७,५१,३७
४३,७७,४०
गत सम्मको बाँकी
सम्परीक्षण
सम्परीक्षणबाट थप
बाँकी
यो वर्षको थप
हालसम्मको बाँकी
बेरुजु बाँकी मध्ये पेस्की


कर्णाली प्रदेश
३,८४,८२,५४
२८,६८,४४
८६,८२
३,६६,११,०२
४५,८४,८२
४,९२,०५,८४
७३,८५,२०
गत सम्मको बाँकी
सम्परीक्षण
सम्परीक्षणबाट थप
बाँकी
यो वर्षको थप
हालसम्मको बाँकी
बेरुजु बाँकी मध्ये पेस्की


सुदूरपश्चिम प्रदेश
२,६८,२८,२८
२२,०६,८४
२,१०,८२
२,४८,३३,२७
५०,०६,८३
२,८८,४०,२०
३७,५८,११
गत सम्मको बाँकी
सम्परीक्षण
सम्परीक्षणबाट थप
बाँकी
यो वर्षको थप
हालसम्मको बाँकी
बेरुजु बाँकी मध्ये पेस्की



स्थानीय तह

स्थानीय तह

समग्र आय व्यय (७५३ स्थानीय तह)



कुल आय

रू. ६ खर्ब ४१ अर्ब ७६ करोड ५५ लाख

अन्य खर्चतर्फ

रू. १ खर्ब २६ अर्ब ८६ करोड ५१ लाख





पुँजीगत खर्च

रू. १ खर्ब ४५ अर्ब १९ करोड ५ लाख

चालु खर्च

रू. २ खर्ब ८८ अर्ब ५१ करोड ३१ लाख

यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको २०८०/८१ को



कुल आन्तरिक आय

रू. ३६ अर्ब १७ करोड ५६ लाख



सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँट

रू. ८५ अर्ब ४४ करोड ३६ लाख

नोट: गत वर्षको मौज्दात रू. १ खर्ब २६ अर्ब ८६ करोड ५१ लाखसमेत आन्तरिक स्रोततर्फ रू. २ खर्ब १६ अर्ब १३ करोड ४२ लाख प्राप्त भएको छ।

लेखापरीक्षण अङ्क र बेरूजु

स्थानीय तह लेखापरीक्षण

आर्थिक वर्ष २०८०/८१	बक्यौता (२०७५/७६, २०७६/७७ र २०७९/८०)
७५३	८
संख्या	
रू. ११,०७,८१,९७ लाख	रू. १०,६४,३३ लाख
लेखापरीक्षण रकम	
रू. ११,१८,४६,३० लाख	

बेरूजु देखिएको	बेरूजु देखिएको
रू. २७,७०,९२ लाख	रू. ६०,८० लाख
फर्स्यौट गरेको	फर्स्यौट गर्न बाँकी
रू. २,९९,३० लाख	रू. २४,७१,६२ लाख

बेरूजु वर्गीकरण (२०८०/८१)



म्याद नाघेको पेस्की बाँकी	असुल गर्नुपर्ने
रू. १,३३,१९ लाख	रू. ३,४२,९१ लाख
नियमित गर्नुपर्ने	
रू. १८,९५,५२ लाख	

अनुदान (२०८०/८१)

(रू. लाखमा)

सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान



प्रदेश सरकारबाट हस्तान्तरित अनुदान





लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

लेखापरीक्षण प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०८०/८१ को लेखापरीक्षणबाट रु. ९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएकोमा प्रतिक्रियाबाट सम्बन्धित निकायहरुले रु. ७ अर्ब ६३ करोड ८४ लाख फर्स्यौट गरेकोले देहायबमोजिम रु. ९१ अर्ब ५९ करोड ७९ लाख फर्स्यौट हुन बाँकी रहेको छ:



अद्यावधिक बेरुजु



प्रदेश सरकारी कार्यालयहरु

(रु. लाखमा)



विगतको बेरुजु | समायोजनबाट थप (घट) | फर्स्यौट तथा सम्परीक्षण | चालू वर्षको थप बेरुजु | अद्यावधिक बेरुजु

स्थानीय तह

(रु. लाखमा)



विगतको बेरुजु | समायोजनबाट थप (घट) | फर्स्यौट तथा सम्परीक्षण | चालू वर्षको थप बेरुजु | अद्यावधिक बेरुजु

समिति तथा अन्य संस्था (प्रदेश समेत)

(रु. लाखमा)



विगतको बेरुजु | समायोजनबाट थप (घट) | फर्स्यौट तथा सम्परीक्षण | चालू वर्षको थप बेरुजु | अद्यावधिक बेरुजु

लेखापरीक्षणको प्रभाव

यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार रु. १४ अर्ब ४८ करोड ४१ लाख २१ हजार असुल भएको छ:

सङ्घीय सरकारी कार्यालयहरू

१,१९,११,१३२
जम्मा असुली

(रू. हजारमा)



४,५१,६८८
लेखापरीक्षणको क्रममा असुली

४,८५,३१८
प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली

१,०९,७४,१२६
सम्परीक्षणको क्रममा असुली

प्रदेश सरकारी कार्यालयहरू

५,०१,६०५
जम्मा असुली

(रू. हजारमा)



४६,४०५
लेखापरीक्षणको क्रममा असुली

७७,९५२
प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली

३,७७,२४८
सम्परीक्षणको क्रममा असुली

स्थानीय तह

१७,७४,३६७
जम्मा असुली

(रू. हजारमा)



५,३९,११८
लेखापरीक्षणको क्रममा असुली

४,७२,१४१
प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली

७,६३,१०८
सम्परीक्षणको क्रममा असुली

समिति र अन्य संस्था

(रू. हजारमा)

जम्मा असुली **२९,७०,१७**

भविष्यमा गर्नुपर्ने सुधार



शासकीय प्रबन्ध



- सरकारको कार्यक्षेत्र एवम् खर्चमा स्पष्टता ल्याउन कानुन निर्माण/संशोधन हुनुपर्ने,
- अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनको लागि जिम्मेवारी सहितको खाका तयार गर्नुपर्ने,
- सार्वजनिक सङ्गठित संस्थाका कार्यकारीको सेवा सुविधा कानुनमा नै स्पष्ट गर्नुपर्ने,
- तीनै तहले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्न क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्ने,
- स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनको बेरुजु फर्स्यौटको संयन्त्र तय गर्नुपर्ने,
- तीन वटै तहको बजेट घाटा व्यवस्थापन र वित्तीय अनुशासनसम्बन्धी व्यवस्था स ीय
- कानुन बमोजिम हुनुपर्ने।

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- खरिद गुरुयोजना अनुसार प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय हुनेगरी सम्पत्ति खरिद गर्नुपर्ने,
- सम्पन्न भएका आयोजनाका यन्त्र, उपकरण एवम् सम्पत्तिको उपयोग हुनेगरी हस्तान्तरण गर्नुपर्ने,
- छोटो समयमा प्रयोगकर्ता परिवर्तन हुँदा नयाँ खरिद नगरी मौजुदा सम्पत्ति उपयोग गर्नुपर्ने,
- कार्य सञ्चालनका लागि सामान्य खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने,
- सबै प्रकारका सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा पाम्समा राख्नुपर्ने,
- मुआब्जा प्रदान गरेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- जफत भएका तथा प्रयोगविहीन रहेका सवारीसाधनको उपयोग वा लिलाम बिक्री गर्नुपर्ने।



अर्थतन्त्र



- राज्यलाई तिर्नु बुझाउनुपर्ने रकम पूर्वानुमानयोग्य र बहनयोग्य बनाउनुपर्ने,
- डिजिटल/विद्युतीय भुक्तानीलाई प्रश्रय दिई अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्नुपर्ने,
- उद्योग र व्यापार व्यवस्थित गर्न सार्वजनिक सेवामा लाग्ने समय र शुल्क निश्चित गर्नुपर्ने,
- लगानी वातावरण सहजताकालागि सम्बद्ध क्षेत्रका नीति एवम् कानुनबीच तादात्म्यता कायम गर्नुपर्ने,
- विशेष आर्थिक क्षेत्रमा उत्पादन उन्मुख वातावरण तयार गरी निकासी प्रवर्धन गर्नुपर्ने,
- कर्जा र निक्षेप अनुपात विश्लेषणबाट ब्याज तथा अतिरिक्त प्रिमियमको प्रभाव मूल्याङ्कन गर्नुपर्ने,
- सङ्गठित संस्थाले सहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिने व्यवस्था हुनुपर्ने,
- सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वका विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने,
- सङ्गठित संस्थाहरूमा कोष बेगरका दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने।

सार्वजनिक वित्त व्यवस्थापन



- राष्ट्रिय बजेट प्रणाली बाहिरका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने,
- प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम/योजना बजेटमा समावेश हुनुपर्ने,
- विद्युतीय वित्तीय कारोबारलाई करको दायरामा ल्याउनुपर्ने,
- राजस्व छुटबाट परेको असर/प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्ने,
- समयमै राजस्व नतिर्ने करदातालाई पछिल्ला वर्षमा दिइने छुट सुविधाबारे पुनरावलोकन हुनुपर्ने,
- राय/परामर्श दिने निकायले विषय, कानुनी प्रावधान र प्रयोजन समेत खुलाई राय दिनुपर्ने,
- जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरणको लागि मात्रै वैदेशिक परामर्श सेवा लिनुपर्ने,
- लागत, उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्ने,
- विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अनुदान प्रदान गर्नुपर्ने,
- तीनै तहका गैरबजेटरी निकायको कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने,
- सेवा प्रवाह मितव्ययी, पारदर्शी र व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने ।

सार्वजनिक प्रशासन



- क्षमता विकासका लागि राष्ट्रसेवकलाई वार्षिकरूपमा न्यूनतम समयावधिको तालिम प्रदान गर्नुपर्ने,
- सार्वजनिक संस्थामा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी निर्धारण गर्नुपर्ने,
- न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्ने,
- गुणस्तर, समयसीमा, शुल्क र प्रक्रिया व्यवस्थित बनाई अनुमानयोग्य सेवा प्रवाह हुनुपर्ने,
- लक्षितवर्गलाई सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्ने,
- फेसलेस ब्युरोक्रेसी, विद्युतीय शासन, एकल सेवा केन्द्र जस्ता नवीन अवधारणा कार्यान्वयन गर्नुपर्ने,
- विशिष्ट ज्ञान उपयोग गर्न समय लचकता तथा बहुकार्यालय जिम्मेवारी हुने व्यवस्था गर्नुपर्ने,
- नागरिक सचेतना वृद्धि तथा पृष्ठपोषण मार्फत सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने,
- समयको उपलब्धता एवम् सेवा खरिद गर्ने सामर्थ्य समेतको आधारमा सेवा प्रवाह तय गर्नुपर्ने ।

विकास व्यवस्थापन

- दिगो विकास लक्ष्य हासिल गर्न सरकार र अन्यक्षेत्रबिच समन्वय एवम् सहकार्य गर्नुपर्ने,
- विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्ने,
- पूर्व तयारी बेगर खरिद गर्दा प्रतिफल प्राप्तिमा ढिलाइ भएकोले सोमा सुधार हुनुपर्ने,
- नवप्रर्वतन र प्रविधि अनुरूप सार्वजनिक निर्माण लागत घटाउन विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्ने,
- अधुरा आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गर्नुपर्ने,
- खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्ने,
- जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने प्रवृत्ति नियन्त्रण हुनुपर्ने,
- खरिदका क्रममा राजस्व छुट दिने, नदिने विषय बोलपत्रसम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने।



सूचना प्रविधि



- सूचना प्रविधिका नवीनतम् क्षेत्र समेट्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधि खरिदसम्बन्धी नर्म्स तयार गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्ने,
- पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी सूचना प्रविधि प्रणाली विकास गर्नुपर्ने,
- एकीकृत डाटा सेन्टरमार्फत सबै सार्वजनिक निकायले सेवा लिने व्यवस्था गर्नुपर्ने,
- सूचना प्रविधिको नियन्त्रण र सुरक्षामा एकद्वार प्रणालीका लागि छुै नलेज सेन्टर हुनुपर्ने,
- भीएपीटी परीक्षण लगायतका मापदण्ड पुरा भएपश्चात् सूचना प्रणाली प्रयोगमा ल्याउनुपर्ने,
- एकै प्रकारका कामको लागि सबै निकायले एउटै सूचना प्रविधि प्रणाली खरिद गर्नुपर्ने,
- सार्वजनिक निकायका वेबसाइट र मोबाइल एप्लिकेशनमा एकरुपता कायम गर्नुपर्ने।

सुशासन

- विद्युतीय माध्यमको प्रयोग गरी छिटो, छरितो र अनुमानयोग्य सेवा उपलब्ध गराउनुपर्ने,
- सार्वजनिक सेवा प्रवाहमा नागरिकको निगरानीलाई मजबुत बनाउनुपर्ने,
- निष्ठा प्रवर्धनका लागि पदीय आचरण पालना गर्ने संस्कृतिको विकास गर्नुपर्ने,
- वैदेशिक/आन्तरिक भ्रमण स्वीकृत गर्दा औचित्य पुष्टि गर्ने र सोको निर्णय समयमै गर्नुपर्ने,
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उच्च प्रतिफल र गुणस्तर कायम हुनुपर्ने,
- कर भन्सार महशुलसँग सम्बन्धित विवादको निरुपण कानुनद्वारा तोकिएको अवधिमै गर्नुपर्ने,
- सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गर्नुपर्ने।

